संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

# प्रेस विज्ञप्ति – २०६५ मङ्सिर १७

---

## आदिवासी जनजातिसम्बन्धी नेपालका प्रतिबद्धतालाई क्रियान्वयन गर्न संयुक्त राष्ट्रसङ्घीय विज्ञद्वारा आग्रह

काठमाडौं-जेनेभा – "नेपालका आदिवासी जनजातिले सामना गरेका धेरै चुनौतीहरूलाई सम्बोधन गर्ने यो अत्यन्त महत्त्वपूर्ण क्षण हो," नेपालको आफ्नो नौदिने भ्रमणको अन्त्यमा आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक प्रा. एस. जेम्स अनायाले भन्नुभयो। "आदिवासी जनजातिका अधिकारहरूलाई अगाडि बढाउन नेपाल सरकारद्वारा व्यक्त प्रतिबद्धताबाट म प्रोत्साहित भए पनि अझ धेरै काम गर्न बाँकी नै छ।"

आफ्नो भ्रमणका सबै चरणमा सरकारबाट पाएको सहयोगका निम्ति सराहना व्यक्त गर्नुहुने विशेष प्रतिवेदकले काठमाडौंमा सरकारी अधिकारी, आदिवासी जनजाति सङ्गठनहरूका प्रतिनिधि, नागरिक समाजका सदस्य तथा संयुक्त राष्ट्रसङ्घका विभिन्न प्रतिनिधिहरूसँग भेट गर्नुभयो। इलाम, झापा, चितवन र कैलाली जिल्लाको आफ्नो भ्रमणमा संयुक्त राष्ट्रसङ्घीय विज्ञले आदिवासी जनजाति समुदाय तथा स्थानीय राज्यअधिकारीहरूसँग परामर्श गर्नुभयो।

आदिवासी जनजातिका अधिकारहरूको सम्मान गर्ने अन्तर्राष्ट्रिय मापदण्डहरू र त्यसमा पनि खासगरी आदिवासी जनजाति तथा कबिला जातिसम्बन्धी आईएलओ महासन्धि १६९ लाई नेपाल सरकारले गरेको अनुमोदन तथा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रलाई यसले दिएको समर्थनजस्ता नेपाल सरकारका प्रतिबद्धताहरूप्रति प्राध्यापक अनायाले सन्तोष व्यक्त गर्नुभयो।

आदिवासी जनजातिका पृथक् संस्कृति र जीवनपद्धतिहरूलाई सुरक्षित राख्ने, भूमि तथा प्राकृतिक संसाधनमाथिको अधिकार एवं आफूलाई प्रभावित गर्ने सबै निर्णयमा अर्थपूर्ण तरिकाले सहभागी बन्ने तिनको अधिकारप्रति राज्यलाई प्रतिबद्ध गराउने यस महासन्धिलाई अनुमोदन गर्ने नेपाल पहिलो एसियाली मुलुक हो।

संविधान निर्माण प्रक्रियाको खाका तथा आईएलओ महासन्धि १६९ को कार्यान्वयन दुवैमा आदिवासी जनजातिको भलाइका निम्ति गर्ने योजना भइरहेका कैयौं सकारात्मक उपायहरूबारे भ्रमणका क्रममा विशेष प्रतिवेदकलाई जानकारी गराइयो। तर, यी उपायहरूलाई सुदृढ बनाउनुपर्ने तथा आदिवासी जनजातिका आर्थिक तथा सामाजिक अवस्था उकास्ने कुरामा मात्र नभई वास्तविक अर्थको बहुसाँस्कृतिक राजनीतिक तथा सामाजिक व्यवस्थाभित्र पृथक् समुदायका रूपमा उनीहरू बाँच्ने कुरालाई सुरक्षित गर्ने कुरामा पनि अझ संकेन्द्रित हुनुपर्ने कुरा प्राध्यापक अनायाले उल्लेख गर्नुभयो।

"दमन र सीमान्तीकरणको लामो इतिहासले आदिवासी जनजातिहरूलाई राजनीतिक प्रतिनिधित्व तथा निर्णय प्रक्रिया, पूर्ण नागरिकता र आर्थिक तथा शैक्षिक अवसरहरूबाट बाहिऱ्याएको छ र तिनका पृथक् संस्कृति र भाषाहरूले लगातार खतरा मोल्नुपरेको छ," संयुक्त राष्ट्रसङ्घीय विज्ञले भन्नुभयो।

"आदिवासी जनजातिलाई तिनका पुर्ख्यौली भूमिबाट जबर्जस्ती विस्थापित गरिनुका साथै सम्पत्तिमाथिको अधिकारबाट वञ्चित गरिएको छ र तिनलाई प्रायः न्यायमा पहुँच प्राप्त हुँदैन। आदिवासी जनजाति महिलाहरूले थप किसिमका भेदभाव तथा दुर्व्यवहार भोग्नुपरेको छ," उहाँले थप बताउनुभयो।

यी अवस्थाहरूलाई चालु संविधान निर्माण प्रक्रियामा सम्बोधन हुन लागेको थाहा पाएर विशेष प्रतिवेदक प्रोत्साहित हुनुभयो। "आदिवासी जनजातिका अधिकारहरूलाई नयाँ संविधानमा सुरक्षित गर्नु तथा यिनलाई नयाँ संविधान निर्माण प्रक्रियामा समावेश गर्नु अत्यन्त महत्त्वपूर्ण छ," उहाँले भन्नुभयो।

संविधानसभाका सदस्यहरूमा आदिवासी जनजातिको सङ्ख्या उल्लेख्य रहेको कुरा उल्लेख गर्दै प्राध्यापक अनायाले आदिवासी जनजातिका आफ्ना छानिएका प्रतिनिधिहरूमार्फत् तथा तिनका निर्णय-प्रक्रियाका आफ्नै विधिहरूअनुसार नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मापदण्डहरूले चाहेअनुसार तीसँग प्रत्यक्षरूपमा परामर्श गर्न संविधान निर्माण प्रक्रियामा थप संयन्त्रहरू स्थापना गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

देशका सबै विविध जातीय तथा आदिवासी समुदायहरूका मानवअधिकारको पूर्ण प्राप्ति हुने कुरालाई प्रवर्द्धन गर्ने सङ्घीय नमुनाको विकासमा नयाँपन र लचकताको आवश्यकतामाथि जोड दिँदै विशेष प्रतिवेदकले भन्नुभयो, "नयाँ संविधानमा मूर्तरूप दिइने भनी अपेक्षा गरिएको सङ्घीय संरचनाबारे जारी छलफलहरूमा आत्मनिर्णय तथा स्वायत्तताका लागि आदिवासी जनजातिका जायज मागलाई पर्याप्त मात्रामा समावेश गरिनु आवश्यक छ।" उहाँले देशको नयाँ राजनीतिक व्यवस्थाको प्रारूपणमा रहेका जटिल मुद्दाहरूसम्बन्धी छलफलमा समावेशी सहभागिताको महत्त्वमाथि जोड दिनुभयो।

प्राध्यापक अनायाले तत्काल सम्बोधन गरिनुपर्ने अन्य कतिपय जल्दाबल्दा विषयहरू उल्लेख गर्नुभयो। सरकारद्वारा पहिल्यै गरिएका भूमि अधिकारसम्बन्धी सहमतिहरूको कार्यान्वयनलगायत आदिवासी समुदायहरूको भूमिप्रतिको अधिकार सुरक्षित गर्ने कार्य तीमध्ये एक हो। अर्को जल्दोबल्दो विषय हो आदिवासी जनजातिको औपचारिक सूचीमा समावेश गरिनुपर्ने थप समुदायहहरूबारे विचार पुऱ्याउनु ।

अन्त्यमा, वर्तमान राजनीतिक सङ्क्रमणको सुरुवाती चरणहरूमा नेपाल सरकारद्वारा गरिएको प्रारम्भिक प्रगतिको स्वागत गर्दै विशेष प्रतिवेदकले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा आफूलाई प्रदान गरिएको आदिवासी जनजातिको मानवअधिकारको प्रवर्द्धन गर्ने कार्यदिशाको सन्दर्भभित्र रहेर सहयोग गर्ने तथा सक्रियरूपमा संलग्न रहने तत्परता व्यक्त गर्नुभयो।

समाप्त

--------

*आफ्नो भ्रमणका क्रममा दिएको पूर्ण सहयोगका लागि प्राध्यापक अनायाले नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। आफ्नो कार्यदिशमा रहेका सर्तअनुरूप, विशेष प्रतिवेदकले आफ्नो भ्रमणका निष्कर्ष तथा सिफारिसहरू संलग्न पात्रहरू एवं जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्समक्ष प्रस्तुत गर्नुहुनेछ।*

*मानवअधिकार परिषद्ले प्राध्यापक अनायालाई आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी नयाँ विशेष प्रतिवेदकमा सुरुमा तीन वर्षका निम्ति नियुक्त गरेपछि उहाँले आफ्नो कार्यदिश २०६५ वैशाख १९ गतेदेखि वहन गर्नुभयो। उहाँ एरिजोना विश्वविद्यालय (संयुक्त राज्य अमेरिका)को मानवअधिकार कानुन तथा नीतिसम्बन्धी जेम्स जे. लेन्वा प्रोफेसर हुनुहुन्छ।*

*विशेष प्रतिवेदकको कार्यदिशबारे थप जानकारीका लागि* indigenous@ohchr.org *मा इमेल लेख्नुहोस् वा* http://www2.ohchr.org/english/issues/indigenous/rapporteur/index.htm *हेर्नुहोस्।*

मानवअधिकार उच्चायुक्तको कार्यालय-मिडिया युनिट
रुपर्ट कोलभिल, प्रवक्ता, +४१ २२ ९१७ ९७६७
जेबियर सेलाया, सूचना अधिकृत, + ४१ २२ ९१७ ९३८३/+ +४१ ७९ ४४४ ७५७८
सोधपुछ तथा मिडिया अनुरोधका लागिः press-info@ohchr.org ।